## एनडीइपी डेभलपमेन्ट बैंक लिमिटेड लालदरबार, काठमाडौंलाई शीघ्र सुधारात्मक कारवाही गरिएको सम्वन्धी सूचना

एनडीइपी डेभलपमेन्ट बैंक लिमिटेड लालदरबार, काठमाडौंको संस्थाले पेश गरेको २०७१ साउन मसान्तको पूँजीकोष सम्वन्धी विवरणमा गैर स्थलगत सुपरिवेक्षण समायोजन पश्चात संस्थाको पूँजीकोष १०.८९ प्रतिशत मात्र कायम भई यस बैंकवाट तोकिए बमोजिम कायम गर्नु पर्ने न्युनतम पूँजीकोष ११ प्रतिशत भन्दा ०.११ प्रतिशत विन्दुले कम भएको देखिएकोले संस्थालाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को विनियम ३(क) बमोजिम देहाय बमोजिमको निर्देशन दिइएको छ ।

(क) संस्थाको पूँजी बृद्धि (रि-क्यापिटलाईजेशन) गर्न पूँजी योजना पेश गर्न ।
(ख) लाभांश तथा बोनस शेयर घोषणा नगर्न ।
(ग) नयाँ शाखा नखोल्न ।
(घ) मिति २०७१।६।२३ को कारोवार पश्चात् कायम निक्षेप मौज्दातमा १० प्रतिशतसम्म थप गर्दा हुन आउनेसम्मको सीमाभित्र रहि निक्षेप परिचालन गर्न ।

मिति : २०७१/०७/१६